# जिल्ला प्रशासन कार्यालय, पर्वतद्वारा प्रकाशित

# कोभिड-१९ सन्दर्भमा विशेष ई-बुलेटिन

मिति २०७७ बैशाख ३१ गते

वर्ष १ अंक ४


## प्रारम्भ

पर्वत जिल्लामा कोभिड-१९ विशेष बुलेटिन मार्फत कोभिड-१९ को नियन्त्रण र न्यूनिकरणका सम्बन्धमा २०७७ वैशाख १५ गते पछिका विभिन्न गतिविधिहरुलाई समेटेर जनमानस समक्ष राख्ने प्रयास गरेका छौं । लकडाउनको निरन्तर कार्यान्वयनले नागरिकका दैनिक जीवनमा केहि असहज परिस्थिती सिर्जना गरेता पनि यसले कोभिड-१९ को जोखिमलाई न्यूनीकरण गर्न सहयोग गर्ने विश्वास लिएका छौं । अग्रस्थानमा रहेर कार्य गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुको मनोबल उच्च राख्नु हामी सबैको कर्तब्य हुनेछ ।

यस कार्यमा स्थानीय तह, प्रदेश तह, सम्पूर्ण सरकारी संयन्त्र राजनीतिक दल, गैर सरकारी संस्था निजी क्षेत्र र संचारकर्मी सबैको सकारात्मक सहयोग रहदै आएको छ र सो को निरन्तरताको समेत अपेक्षा गर्दछौं ।





*CCMC को स्थानीय तहसँगको Virtual बैठक*

## जिल्लास्तरीय कोभिड-१९ Crisis Management Center को क्रियाशीलता

विश्वब्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणको जोखिम नियन्त्रण र न्यूनीकरण गर्ने कार्यलाई सबैभन्दा प्राथमिकतामा राखी लकडाउनको प्रभावकारी कार्यान्वयन गर्न तथा स्वास्थ्य सुरक्षाका कार्यालाई सुनिश्चित गर्न नेपाल सरकारको निर्णय बमोजिम यस जिल्लामा २०७६ चैत्र १३ गते र २१ गते क्रमश कमाण्ड पोष्ट र कोभिड संकट ब्यवस्थापन केन्द्र स्थापना भई नियमित रुपमा कार्य गर्दै आएको छ । केन्द्रले दैनिक रुपमा रणनीतिक योजनाहरु बनाउँदै स्थानीय तह तथा जिल्लाका विभिन्न Counterparts सँग छलफल, राय, परामर्श लिएर कार्य गर्दै आएको छ । Counterparts संगको सहकार्य, समन्वयको ढाँचा तयार गरेको छ। हालसम्म ३७ वटा बैठक बसी कार्यान्वयन योग्य योजना बनाउनुको साथै सो को लागि विभिन्न निकायसँग सहकार्य गर्दै आएको छ ।

## CCMC का पदाधिकारीहरुको नामावली

| क्र.स | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्र.जि.अ. श्री कल्पना घिमिरे नेपाल | अध्यक्ष | ९८५७६१७७७७ |
| २ | जि.स.अ. श्री सुरेश ढकाल | सदस्य | ९८५७६३७२२२ |
| ३ | स.प्र.उ. श्री सोम बहादुर गुरुङ | सदस्य | ९८५१२७२०४६ |
| ४ | सेनानी श्री अर्जुन दुलाल | सदस्य | ९८५६०४९३२२ |
| ५ | प्र.ना.उ. श्री श्यामु अर्याल | सदस्य | ९८५७६१५५५५ |
| ६ | प्र.अ.अ. श्री हेमकाजी गुरुङ | सदस्य | ९८४१२७३५०७ |
| ७ | का.प्र. डा. भोजराज गौतम | सदस्य | ९८५७६५००९६ |
| ८ | मे.सु. डा. शिशिर देवकोटा | सदस्य | ९८५७६२१११९ |
| ९ | अध्यक्ष श्री केदार नाथ शर्मा उद्योग वाणिज्य संघ | सदस्य | ९८५७६३०६६० |



## कोभिड-१९ नियन्त्रणमा जिल्ला विपद् व्यवस्थापन समितिको क्रियशिलता




विश्वभर कोभिड-१९ को संक्रमण बढ्दै गएको अवस्थाको पुर्वानुमान गर्दै जिल्ला विपद् व्यवस्थापन समितिले यस भाइरसको जोखिमलाई नियन्त्रण गर्न सुरुवात देखिनै आफ्ना कार्य अगाडि बढाएको छ । हालसम्म समितिको १२ वटा बैठक बसिसकेको छ । कोभिड नियन्त्रणका गतिविधि संचालन गर्नुको साथसाथै जिल्लामा आउने कुनै पनि विपद्का घटनामा घाइतेको उद्दार, राहत वितरण र पुर्नस्थापना समेत समितिले गर्दै आएको छ । वैशाख ५ गते चट्याङबाट मृत्यु भएकी फलेवास नगरपालिका वडा नं ३ को कल्पना भुसाललाई घरमा पुगी समितिले रु. १ लाख राहत उपलब्ध गराएको छ । कोभिड नियन्त्रणका लागि समितिले स्थानीय तहसँगको सहकार्य, जनप्रतिनिधिहरुको परिचालन, राजनैतिक दलहरुको क्रियशिलता र गैर सरकारी निकायहरुको उपलब्धीमूलक परिचालनमा जोड दिएको छ ।



## कोभिड-१९ नियन्त्रणमा CCMC र स्थानीय तहको संयुक्त प्रयास




जिल्ला स्तरमा CCMC स्थापना भएसँगै स्थानीय तहहरुमा समेत CCMC स्थापना भएको छ । हालसम्म स्थानीय तहहरुसँग ६ वटा समन्वय बैठक सम्पन्न भईसकेको छ । यसले मुलुक बाहिर र मुलुक भित्रका विभिन्न जिल्लाबाट पर्वत जिल्लामा आउने व्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्नको लागि प्राथमिकता तयार गरेको छ । क्वारेनटाइनका मापदण्डमा पहिलो प्राथमिकता : भारतसँग सीमाना जोडिएका र कोरोना भाइरसको संक्रमण समुदाय स्तरसम्म प्रवेश गरी हाल सिल गरिएका जिल्लाबाट आएका व्यक्तिहरु, दोस्रो प्राथमिकता : कोरोना भाइरसको संक्रमण देखिएका जिल्लाबाट आएका व्यक्तिहरु, तेस्रो प्राथमिकता : अन्य जिल्लाबाट आएका व्यक्तिहरु रहेका छन् ।




यसका साथै अस्थायी कोरोना अस्पताल निर्माणमा लागेको खर्च सात वटै पालिकाबाट व्यवस्थापन हुने पूववर्त निर्णयलाई कार्यान्वयनमा लगेको छ । भारत तथा तेस्रोमुलुकबाट भविष्यमा आउन सक्ने व्यक्तिहरुको समेत लगत तयार गर्नलाई समितिले ढाँचा तयार गरेको छ । Isolated Quarantine at home भन्ने मान्यता दुवै तहका CCMC ले लिएका छन् । कोभिड-१९ को नियन्त्रण र उपचारमा एकद्धार प्रणाली अवलम्बन गर्ने सोच बनाएको पर्वत जिल्लाले भारत लगायत तेस्रो मुलुक तथा मुलुक भित्रका विभिन्न जिल्लाबाट आउन सक्ने व्यक्तिहरुको लगत संकलन गर्ने कार्य प्रारम्भ गरेको छ । प्रत्येक स्थानीय तहमा पुगेर पालिकागत रुपमा जनप्रतिनिधिहरुसँग संयुक्त बैठक बसी विदेशबाट आउने व्यक्तिहरुको व्यवस्थापन गर्ने विषयमा कार्य अगाडी बढाउने योजना समेत केन्द्रले बनाएको छ ।

## लकडाउन कार्यान्वयनमा एकीकृत सुरक्षा योजना




कोभिड-१९ नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको लकडाउनलाई पूर्ण रुपमा कार्यान्वयन गर्न एकीकृत सुरक्षा योजना तयार गरी जिल्ला सुरक्षा समितिले कार्यान्वयनमा ल्याएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालको परिचालनबाट लकडाउनलाई सात वटै पालिकामा कार्यान्वयन गरिएको छ । जिल्ला सीमा, अन्तरपालिका सीमा, संवेदनशील स्थान, झोलुङ्गे पुल, आन्तरिक क्षेत्र, बजार क्षेत्र तथा अस्पतालमा सुरक्षाकर्मीहरुको परिचालन गरिएको छ । क्वारेन्टाइन तथा कोरोना अस्थायी अस्पताल र सामुहिक मेस संचालन स्थानको सुरक्षा गर्नुको साथै स्थानीय तहहरुसँग सहकार्य गरी शंकास्पद व्यक्तिहरुको लगत संकलन गर्न, त्यस्ता व्यक्तिहरुको स्वाव संकलन गर्न Tracking गर्न र राहत वितरणमा समेत सुरक्षाकर्मीले जिम्मेवारी निभाएका छन् ।

## कोरोना अस्थायी अस्पतालमा स्वाव संकलन बुथ



कोरोना संक्रमित विरामीहरुको स्वाव संकलनका लागि अस्थायी कोरोना अस्पातलको परिसरमा स्वाव संकलन बुथ निर्माण गरिएको छ । कोभिड शंकास्पद विरामीको स्वाब संकलन गर्नु पूर्व अस्थायी अस्पतालमा भर्ना गर्ने, स्वाब संकलन गर्ने र परिक्षणको नतिजा आइसकेपछि मात्र Treatment वा Discharge के गर्ने भन्ने विषयमा कोभिड व्यवस्थापन केन्द्रले निर्णय गर्ने गरेको छ ।

## क्वारेन्टाइनको अवस्था

जिल्लास्थित सबै स्थानीय तहका ८८ स्थानमा ३७० बेड क्षमताका क्वारेन्टाइन स्थलहरु निर्माण गरिएको छ । हालसम्म पालिकागत क्वारेन्टाइन संख्या र क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | स्थानीय तह | वेर्ड संख्या | क्वारेन्टाइनमा बसेको संख्या | | | क्वारेन्टाइनबाट फिर्ता संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | कुश्मा न.पा. | २६ | ४ | १० | १४ | ४ | १० | १४ |
| २ | फलेवास न.पा. | २१२ | ७ | १३ | २० | ५ | १२ | १७ |
| ३ | मोदी गा.पा. | २८ | १ | - | १ | १ | - | १ |
| ४ | जलजला गा.पा. | २० | २ | ४ | ६ | २ | ४ | ६ |
| ५ | विहादी गा.पा. | ६० | | ५ | ५ | | ५ | ५ |
| ६ | पैयुँ गा.पा. | १८ | १५ | १२ | २७ | १५ | १२ | २७ |
| ७ | महाशिला | ५ | ४ | ८ | १२ | ४ | ५ | ९ |
| **जम्मा** | | **३७०** | **३३** | **५२** | **८५** | **२८** | **५१** | **७९** |

मापदण्ड अनुसार क्वारेन्टाइनहरु निर्माण, व्यवस्थापन र संचालन भए नभएको स्थलगत अवलोकन गरी सुझाव दिने कार्य प्रमुख जिल्ला अधिकारी लगायतको अनुगमन समितिले गरेको छ ।

कोभिड-१९ को रोकथाम, नियन्त्रण सम्बन्धी आवश्यक सुचना DCCMC मा उपलब्ध गराइदिनुहुन सबैमा हार्दिक अनुरोध छ।
सम्पर्क नं. : ९८५७६१७७७७
इमेल ठेगाना : daoparbat@gmail.com, daoparbatmoha@gmail.com

## आइसोलेसनको व्यवस्था




पर्वत जिल्ला अस्पतालमा ३ शैया र गुप्तेश्वर बहुमुखी क्याम्पसको अस्थायी कोरोना आइसोलेसन अस्पतालमा २० शैया गरी कुल २३ शैयाको क्षमता रहेको छ । स्वास्थ्य उपचारका अत्यावश्यक उपकरणहरु सहित निर्माण गरिएको अस्थायी कोरोना अस्पतालले हालसम्म १२ जना पुरुष र ४ जना महिला गरी कुल १६ जना शंकास्पद व्यक्तिहरुको स्वाब संकलन, परीक्षण र उपचार गरी घर फिर्ता पठाइएको छ । पर्वत जिल्ला भित्र नै कोरोना संक्रमित बिरामीको पूर्ण रुपमा उपचार दिन सक्ने अवस्थाको सिर्जना गर्न पर्वत जिल्ला अस्पतालमा रहेको ३ शैयाको आइसोलेटेड वार्ड र जिल्ला अस्पतालमैं ५ वेडको भेन्टिलेटर सहित आइसियु सेटअपका लागि गण्डकी प्रदेश सरकारले स्वीकृत दिइसकेको छ ।

## कोरोना परीक्षण

२०७६ चैत्र १ गते देखि ११ गते भित्र भारत लगायत तेस्रो मुलुकबाट पर्वत आएका व्यक्तिहरु २९७ रहेको छ । पहिलो चरणमा भारत बाहेक तेस्रो मुलुकबाट आएका व्यक्तिहरुको स्वाव संकलन गरी परीक्षण गरिएको छ । भारतबाट आएका व्यक्तिहरुको **Rapid Diagnostic Test** विधिबाट कोरोना परीक्षण गरिएको छ । हालसम्म यस जिल्लामा विदेशबाट आएका तथा क्वारेनइनमा रहेका व्यक्तिहरु गरी ९५ जनाको स्वाब परीक्षण र ३९७ जनाको RDT परीक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ आएको छ । हेलो डाक्टर कार्यक्रम मार्फत २४ सैं घण्टा विदेश लगायत स्वदेशबाट आएका कोरोनाको आशंका हुनसक्ने व्यक्तिहरुको Tracking & Tracing गर्ने काम पर्वत जिल्ला अस्पतालले गरेको छ । प्रत्येक पालिकामा पुगेर स्वाब संकलन, RDT परीक्षण समेत गरेको छ ।

## कोरोना मैत्री एम्बुलेन्स तथा तालिम



कोभिड १९ संक्रमित बिरामीलाई समयमै सुरक्षित तवरले अस्पतालसम्म पुर्याउन जिल्ला स्तरमा २ वटा र पालिकास्तरमा ६ वटा गरी हालसम्म ८ वटा एम्बुलेन्सहरु तयारी अवस्थामा राखिएको छ । कोभिड १९ का लागि तयारी अवस्थामा राखिएका एम्बुलेन्सका चालक, PRT मा रहेका व्यक्ति र केही सुरक्षाकर्मीहरुलाई व्यक्तिगत सुरक्षा उपकरणको प्रयोगको सम्बन्धमा नेपाली सेनाका चिकित्सकहरुबाट डेमो तालिम समेत दिइएको छ ।

## अन्य नियमित उपचार

स्थानीय तहमा रहेका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रहरुले नियमित रुपमा स्वास्थ्य सेवा दिदै आएका छन् । २०७७ वैशाख ३० गतेबाट पर्वत जिल्ला अस्पतालले OPD सेवा समेत पुन संचालन गरेको छ । आकस्मिक सेवामा डाक्टरहरु २४ सैं घण्टा खटिएका छन् । हेलो डाक्टर कार्यक्रम मार्फत शंकास्पद व्यक्तिहरुको त्वबअष्लन गर्ने कार्य गरिएको छ । यसका साथै शंकास्पद क्षेत्र तोकी त्यस्ता व्यक्तिहरुको स्वाव संकलन तथा RDT परिक्षण समेत नियमित हुँदै आएको छ ।

## पर्वत जिल्लामा कोभिड-१९ मैत्री तथा अन्य तयारी अवस्थामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं | स्थानीय तह | एम्बुलेन्स नं | चालकको | | एम्बुलेन्सनको धनी (निकाय) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | नामथर | फोन नं. | | |
| १ | कुश्मा नगरपालिका | बा.२.फ ३९९७ | दिलिप कुमार चुनार | ९८०५२४११५० | पर्वत जिल्ला अस्पताल | कोभिड-१९ मैत्री |
| २ | कुश्मा नगरपालिका | ग.३.च ९८२ | राजु परियार | ९८४७६२०४९० | रोटरी क्लव, पर्वत | |
| ३ | जलजला गाउँपालिका | ध.१.फ.३ | याम बहादुर भण्डारी | ९८४७७५२१५० | माझफाँट स्वास्थ्य चौकी | |
| ४ | विहादी गाउँपालिका | ग.१.फ. २९२ | सुरेश ढकाल | ९८४०५००२८१ | रानीपानी स्वास्थ्य चौंकी | |
| ५ | फलेवास नगरपालिका | | किशोर रेग्मी | ९८५७६३१०८८ | पाङराङ स्वास्थ्य चौकी | |
| ६ | महाशिला गा.पा. | बा.२.फ.१७४१ | भक्त बहादुर हमाल | ९८०३७९७३३६ | लुखुं प्रा.स्वा.के. | |
| ७ | कुश्मा नगरपालिका | | भिम बहादुर वि.क. | ९८६७६३८८९६ | ठुलीपोखरी प्रा.स्वा.के. | |
| ८ | पैयुं गा.पा. | बा.१३.च. १८४४ | बालकृष्ण न्यौपाने | ९८६७२६६२६६ | हुवास स्वास्थ्य चौकी | |
| ९ | कुश्मा नगरपालिका | ध.१.च. २११ | मन बहादुर पुन | ९८४७६३५३६१ | पुन युवा क्लव, पर्वत | |

### आपूर्ति व्यवस्थापनमा सहजिकरण

आन्तरिक आपुर्ती ब्यवस्थापनको सहजीकरणका लागि DCCMC मा पर्वत उद्योग वाणिज्य संघका अध्यक्षलाई विशेष सदस्यको रुपमा राखिएको छ । आन्तरिक आपुर्तीका लागि अति आवश्यक खाद्यान्न सामग्री तथा स्वास्थ्यसँग सम्बन्धीत सवारी साधनको आवातजावतमा सहज वातावरण मिलाइएको छ । कतिपय अवस्थामा अन्य जिल्लाबाट अति आवश्यक खाद्यन्न सामग्री लगायत वस्तुहरुको आपुर्ति सहजीकरणका लागि अन्तर जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरिएको छ । पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्याँसको आपुर्तिमा NOC सँग समन्वयमा जिल्ला प्रशासन कार्यालयले सहिजरकण गर्दै आएको छ ।

औषधि पसलहरु दैनिक नियमित रुपमा खुला राख्ने ब्यवस्था मिलाइएको छ । खानेपानी, विद्युत जस्ता अत्यावश्यक सेवाहरुलाई यथावत रुपमा संचालनमा ल्याइएको छ । अत्यावश्यक सेवाका लागि बैंकहरु खुला रहने ब्यवस्था मिलाइएको छ ।

### बजार अनुगमन तथा कालोबजारी

लकडाउनको अवधिमा स्थानीय तह, उद्योग वाणिज्य संघ तथा उपभोक्ता मन्च समेत रहने गरी जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा अति आवश्यक खाद्य सामग्री तथा स्वास्थ्य क्लिनिकहरुको साप्ताहिक रुपमा अनुगमन गर्दै आएको छ । जलजला गा.पा. वडा नं. ३ मा रहेको स्नेहा किराना पसलका प्रोपाइटर मिन प्रसाद रेग्मीलाई खाना पकाउने ग्याँसमा अधिक मुल्य लिएको हुनाले निजलाई कालोबजारी मुद्दा चलाइएको छ । पसलमा भएका ग्याँसहरु जफत गरिएको । निजलाई रु. १ लाख धरौटीमा तारेखमा छोडिएको छ । पर्वत जिल्लास्थित कुश्मा अस्पतालले माक्स लगायतका स्वास्थ्य उपकरणमा अधिक मुल्य लिएको भन्ने उजुरी उपर छानविन गरि मुद्दा चलाइएको छ ।

### विशेष चेकजाँच

लकडाउनलाई थप प्रभावकारी बनाउन तथा सवारी आवातजावतमा चेकजाँच गर्न र बजार क्षेत्रको अनुगमन गर्न प्रमुख जिल्ला अधिकारी तथा प्रहरी नायव उपरिक्षकबाट २०७७ वैशाख २९ गते सदरमुकामस्थित शिवालय चोक, प्रगति चोक र साझा चोकमा विशेष चेकजाँच भएको छ । चेकजाँचको क्रममा समातिएका सवारी साधनहरुलाई लकडाउन उलंघन गरे वापत जरिवाना गरिएको छ ।



**"लकडाउनको पूर्ण पालना गरौं, घरमै बसौं,**
**कोभिड-१९ को संक्रमणलाई नियन्त्रण गर्न सबैले आफ्नो कर्तव्य पूरा गरौं "**

## राहत वितरण

जिल्लास्थित सबै स्थानीय तहमा मिति २०७७।०१।२८ गते सम्म भएको राहत वितरण निम्नानुसार रहेको छ।

| सि.नं | स्थानीय तह | घरधुरी संख्या | चामल के.जी. | दाल के.जी | तेल लि. | नुन के.जी. | सावुन थान | चना के.जी. | चिउरा के.जी. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुश्मा न.पा. | ३२४९ | ७२०१० | ६३८५ | ५२२५ | ५९५० | ३२४९ | - | - |
| २ | फलेवास न.पा. | ७२१ | १७६६० | १२६७ | ७२१ | १२६७ | १४४२ | १२६७ | १८६५ |
| ३ | मोदी गा.पा. | ६१० | १५२५० | १२२० | ६१० | १२२० | १२२० | - | - |
| ४ | जलजला गा.पा. | १३६३ | २३८०० | २००० | २००० | १३६३ | १८०० | - | - |
| ५ | विहादी गा.पा. | ५३७ | १३४२५ | १०७४ | ५३७ | ५३७ | ० | - | - |
| ६ | पैयुँ गा.पा. | ७६१ | १९१६० | ६९८ | ११३३ | १०१६ | १३९६ | - | - |
| ७ | महाशिला गा.पा. | ५३६ | ६८१५ | २६७ | ३५६ | २९५ | ३६ | - | - |
| जम्मा | | ७७७७ | १६८१२० | १२९११ | १०५८२ | ११६४८ | ९१४३ | १२६७ | १८६५ |

## अलपत्र परेका कामदार/पैदलयात्रीलाई मेस संचालन



लकडाउन लागु भएपश्चात मिति २०७६।१२।१३ देखि १६ गते सम्म १२५० जना अलपत्र परेका कामदारहरुको उद्दार गरिएको छ । अन्य जिल्लाबाट यस जिल्लामा आएका मजदूरहरु ५४ जनालाई उद्दार गरि क्वारेन्टाइनमा राखिएको छ । स्थानीय तहमा मोदी गा.पा.को पातिचौर, कुश्मा न.पा.को शिवालय मा.वि., जलजला गा.पा.को मिलनचोक, फलेवास न.पा. को मुडिकुवा र विहादी गा.पा.को बाच्छा गरी पाँच स्थानमा मिति २०७७ वैशाख ६ गते देखि सामुहिक मेस संचालन गरिएको छ। हालसम्म करिब ५५० जना पैदलयात्री तथा कामदारहरुलाई उक्त सामुहिक मेसबाट विहान र बेलुका खाना खुवाइएको छ ।

## सवारी साधन तथा कर्मचारी व्यवस्थापन

जिल्लास्थित विभिन्न सरकारी कार्यालयका सवारी साधनहरुलाई सबै सुरक्षा निकाय तथा पर्वत जिल्ला अस्पतालमा लकडाउन व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाका लागि परिचालन गरिएको छ । आवश्यकता अनुसार स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य कार्यालयका कर्मचारीहरु कोरोना अस्थायी अस्पतालको व्यवस्थापनका लागि खटाइएको छ साथै प्रत्येक सरकारी कार्यालयका १/१ जना कार्यालय सहयोगीहरुलाई साप्ताहिक रुपमा कार्यतालिका बनाई उक्त अस्पतालमा सेवाप्रवाहका लागि परिचालन गरिएको छ।

## सवारी पास व्यवस्थापन

लकडाउन लागु भएपछि जिल्लामा मिति २०७६ चैत्र ११ देखि १३ सम्म अति आवश्यक खाद्य सामग्री तथा स्वास्थ्य उपचारसँग सम्बन्धीत सवारी साधन र स्वास्थ्य सेवा पुर्‍याउन कर्मचारीहरुलाई म्यानुल रुपमा पास वितरण गरिएको छ । मिति २०७६ चैत्र १४ देखि २०७७ बैशाख २ सम्म कार्यालयको इमेल ठेगाना र फेसबुक म्यासेन्जरबाट E-Pass वितरण गरिएको छ । गृह मन्त्रालयबाट मिति २०७७।०१।०२ मा भएको परिपत्र अनुसार मिति २०७७ बैशाख ३ देखि E-Pass वितरण गर्दै आएको छ । लकडाउन अवधि थपिदै गएको हुनाले अति आवश्यक सवारी साधनको लागि पास पुन वितरण गर्दै आएको छ ।


## विकास आयोजना र कृषिकार्य सूचारु




लकडाउनको अवधिमा बन्द रहेका जिल्लाका विभिन्न स्थानमा संचालित राष्ट्रिय गौरव, पहिलो प्राथमिकप्राप्त, प्रादेशिक विकास आयोजनाहरु वैशाख महिना देखि संचालनमा आएका छन् । आयोजनाहरुको कार्यान्वयनका लागि निर्माण सामाग्रीहरुको ढुवानीमा जिल्ला प्रशासन कार्यालयले सहजिकरण गर्दै आएको छ । कृषि उत्पादन कार्यलाई सुचारु गर्न एग्रोभेट पसल संचालन हुँदै आएको छ । रसायनिक मलहरुको आपुर्तिमा सहजिकरण गर्नुको साथै स्थानीय तहहरुलाई अगुवा किसानहरुको कृषि उपज कार्यमा सहयोग गरिदिन समेत अनुरोध गरिएको छ । साथै संकट व्यवस्थापन केन्द्रले आयोजनाहरुको कार्यअवस्थाका सम्बन्धमा अनुगमन गर्दै आएको छ ।

## दैनिक प्रतिवेदन

कोभिड-१९ को सम्बन्धमा भए गरेका सबै गतिविधिहरु दैनिक प्रतिवेदन प्रणाली, ईमेल र परिपत्र प्रणाली मार्फत गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्र, सिंहदरबार र केन्द्रिय कोभिड व्यवस्थापन केन्द्र छाउनी काठमाण्डौंमा नियमित प्रतिवेदन गरिएको छ साथै आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेशमा पनि दैनिक प्रतिवेदन गरिएको छ । दैनिक जसो जिल्ला बासीहरुलाई सचेतना मूलक जिंगल तयार पारी माइकिङ गर्ने व्यवस्था मिलाइएको छ ।





**प्रकाशक**

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, पर्वत

Covid Crisis Management Center (CCMC), Parbat

इमेल : daoparbat@gmail.com, daoparbatmoha@gmail.com

फेसबुक पेज : www.facebook.com/daoparbat फोन नं. : ०६७-४२०१३३,४२०१३४,४२११७२